प्रधानमन्त्री

काठमाडौं, नेपाल ।

## शुभकामना

**"महिला अधिकारको सम्मान : आत्मनिर्भरता हाम्रो अभियान"** भन्ने नाराका साथ यही जेठ १६ गते मनाउन लागेको सातौं राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी, महिला अधिकारकर्मी, महिला हक, अधिकारको संरक्षण र प्रवर्धनका क्षेत्रमा सक्रिय सम्पूर्ण व्यक्ति, सङ्घ संस्था र साझेदारहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रूपमा स्थापित गरी महिलालाई समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक, पैतृक सम्पत्तिमा समान हक लगायतका अधिकारहरूको प्रत्याभूत गर्दै महिलाउपर हुने सबै प्रकारका विभेदहरूको अन्त्यका साथै समानुपातिक, समावेशी र समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ। साथै, राज्यका सबै निकायमा महिलाहरूको समानुपातिक प्रतिनिधित्व र महिलाविरुद्ध हुने सबै किसिमको हिंसा, शोषण र भेदभावलाई दण्डनीय अपराध घोषित गरेर ऐतिहासिक प्रगति हासिल गरेको छ।

सरकारले महिला विरुद्ध हुने सबै किसिमका विभेदलाई अन्त्य गर्दै महिलाको हक, हित, सशक्तीकरण, लैङ्गिक समानता, सामाजिक न्यायका लागि नीतिगत, संरचनागत एवं प्रक्रियागत सुधार गर्दै निरन्तर लागिरहेको छ। परिणामस्वरूप राजनैतिक, प्रशासनिक लगायतका निर्णायक तहमा महिलाको प्रतिनिधित्व र सहभागिता उल्लेख्य रूपमा वृद्धि भएको छ। नेपालको लैङ्गिक विकास सूचकाङ्कमा भएको उल्लेखनीय सुधारले यस क्षेत्रमा गरिएका प्रयासहरू सफल भएको प्रमाणित गर्दछ।

राजनीतिक, प्रशासनिक, शिक्षा, स्वास्थ्य र रोजगारीलगायत सम्पूर्ण क्षेत्रमा समान पहुँचका कारण महिलाहरू सामाजिक तथा आर्थिक रूपमा आत्मनिर्भर बन्न सफल भई राज्यको सबै तहमा नेतृत्व गर्ने अवसरले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न अतुलनीय भूमिका पुग्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, हामी सबै मिलेर महिला अधिकारको सम्मान, लैङ्गिक समानता र आत्मनिर्भर संस्कृतिको विकासको लागि एकजुट भएर लाग्न सम्पूर्ण देशवासी दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक आह्वान गर्दै सातौं राष्ट्रिय महिला अधिकार दिवस भव्यताका साथ सम्पन्न होस् भन्ने पुनः शुभकामना व्यक्त गर्दछु।

**केपी शर्मा ओली**

२०८२ जेठ १६

११४५ तछलाथ्वः ४, शुक्रबार